# आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली

**मितिः २७ अगस्त २०२५**

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय मन्त्रीमंडलले आज प्रधान मन्त्री स्ट्रीट भेन्डर्स आत्मनिर्भर निधि -पीएम स्वनिधि योजनाको पुनर्गठनलाई मन्जुरी दिएको छ।
- दार्जिलिङ पहाडको पहिलो ईञ्जिनियरिङ कलेजको उद्घाटन आज एक समारोह बीच तकदाहमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट गरियो।
- कलकत्ता उच्च न्यायालयले खर्चको पूर्ण विवरण पेश नगर्ने दुर्गा पुजा समितिहरु सरकारी अनुदानका लागि योग्य नहुने स्पष्ट पारेको छ।
- मिरिक महकुमा अन्तर्गत तराई को साहित्यिक संस्था इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानले नेपाली भाषा प्रयोगको प्रस्ताव माथि कार्यक्रम अघि बढाएको छ।

**केंद्रीय मंत्रिमंडल - प्रधानमंत्री स्ट्रीट वेंडर्स आत्मनिर्भर निधि - पीएम स्वनिधि योजना मंज़ूरी**

केन्द्रीय मन्त्रीमंडलले आज प्रधान मन्त्री स्ट्रीट भेन्डर्स आत्मनिर्भर निधि पीएम स्वनिधि योजनाको पुनर्गठनलाई मन्जुरी दिएको छ। मन्त्रीमंडलले ऋणको समयावधि ३१ डिसेम्बर २०२४ देखि अघि बढाउन पनि मन्जुरी दिएको छ। उक्त ऋण को समयावधि ३१ मार्च २०३० सम्म बढाईएको छ। यस योजनाको कुल परिव्यय ७ हजार ३ सय ३२ करोड रुपियाँ रहेको छ। पुनर्गठित योजनाका मुख्य विशेषताहरुमा पहिलो र दोस्रो किस्तामा ऋण रकम वृद्धि, दोस्रो किस्ता तिर्ने लाभग्राहीका लागि यूपीआई लिंक्ड रुपे क्रेडिट कार्डको व्यवस्था र खुद्रा तथा थोक कारोबारका लागि डिजिटल क्यासब्याक इन्सेन्टिभ रहेका छन्। पहिलो किस्ताको ऋण १० हजारबाट बढाएर १५ हजार, दोस्रो किस्ताको २० हजारबाट बढाएर २५ हजार र तेस्रो किस्ताको ५० हजार कायम गरिएको छ। पुनर्गठित योजनाको उद्देश्य ५० लाख नयाँ लाभार्थीहरु सहित एक करोड १५ लाख लाभार्थीहरु लाभान्वित हुनु हो। यस योजनाको दायरा चरणबद्ध रूपमा वैधानिक शहरहरूबाट अघि बढेर जनगणना शहरहरू र अर्ध-शहरी क्षेत्रहरूमा विस्तार गरिएको छ। यूपीआई-लिंक्ड रुपे क्रेडिट कार्डको परिचयको साथ, सडक विक्रेताहरूले कुनै पनि आकस्मिक व्यवसाय र व्यक्तिगत आवश्यकताहरू पूरा गर्न तत्काल क्रेडिट प्राप्त गर्न सक्षम हुनेछन्। डिजिटल अपनाउनेलाई बढावा दिन, सडक विक्रेताहरूले खुद्रा र थोक लेनदेनमा १ हजार ६ सय रुपियाँ सम्म क्यासब्याक लाभ उठाउन सक्नेछन्। सरकारले कोभिड-१९ महामारीको समयमा अभूतपूर्व कठिनाइहरूको सामना गरिरहेका सडक विक्रेताहरूलाई सहयोग गर्न १ जुन २०२० मा प्रधान मन्त्री स्वनिधि योजना सुरु गरेको थियो। यस वर्षको जुलाईसम्ममा ६८ लाखभन्दा अधिक सडक विक्रेताहरूलाई १३ हजार ७ सय ९७ करोड रुपियाँ बराबरको ९६ लाख भन्दा अधिक ऋण वितरण गरिएको छ।

**दार्जीलिंग -तक्दाह इन्स्टिट्युट अफ् टेक्नोलोजी एण्ड म्यानेजमेन्ट -उद्घाटन**

दार्जिलिङ पहाडको पहिलो ईञ्जिनियरिङ कलेजको उद्घाटन आज एक समारोह बीच तकदाहमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट गरियो। एनएचपीसीको सहयोगमा तकदाहमा लगभग 40 करोड रुपियाँ लागतमा निर्माण गरिएको दार्जिलिङ पार्वत्य प्रविधि अनि प्रबन्धन प्रतिष्ठान (दार्जिलिङ हिल इन्स्टिट्युट अफ् टेक्नोलोजी एण्ड म्यानेजमेन्ट) केन्द्रको निरामं गरिएको बताइएको छ। सूचना अनि सांस्कृतिक विभागको सह निर्देशक भानुकान्त घिसिङको सञ्चालनमा सम्पन्न उदघाटन कार्यक्रलाई सम्बोधन गर्नुहुदै श्री थापाले यो कलेज पहाड को ठुलो उपलब्धि भएको बताउनुहुदै

बिधार्थीहरुले यस कलेजबाट पर्याप्त शैक्षिक लाभ उठाने आग्रह गर्नुभयो l कार्यक्रममा पश्चिम बंगाल सरकारको उच्च शिक्षा विभागको सचिव आईएएस विनोद कुमार, जीटीएको मुख्य सचिव आईएएस दुश्यान्त नरियाला लगायत अन्य उपस्थित हुनुहुन्थ्यो l

**दार्जीलिंग -संसद – कलेज -बधाई**

दार्जीलिंगका लोकसभा सांसद राजु बिस्टले दार्जिलिङ क्षेत्रमा पहिलो इन्जिनियरिङ कलेज स्थापना भएको सुखद अवसरमा क्षेत्रका सम्पूर्ण जनतालाई बधाई दिनुभएको छ l दार्जिलिङ पहाड़, तराई अनि डुवर्सका युवाहरूको तर्फबाट सांसद राजु बिस्टले प्रधानमन्त्री नरेन्द्र मोदी, उर्जा मन्त्रालय, भारत सरकार जसको अधिन रहेका NHPC ले दार्जीलिंग पहाड़मा इन्जिनियरिङ कलेज स्थापना गर्नका लागि ₹४० करोड़ उपलब्ध गराएको कृतज्ञता व्यक्त गर्नुभएको छ l

**पश्चिम बंगाल राज्यपाल - गौर बंग विश्वविद्यालय - कुलपति**

पश्चिम बङ्गालका राज्यपाल तथा राज्य विश्वविद्यालयहरुका कुलपति डाक्टर सीबी आनन्द बोसले आज गौर बङ्गा विश्वविद्यालयका उपकुलपति प्रोफेसर पवित्रा चटर्जीलाई तत्काल प्रभावको साथ पद बाट हटाउनु भएको छ। उहाँमाथि कर्तव्यमा लापरबाही र भ्रष्टाचारको आरोप लागेको थियो। राजभवन सुत्र अनुसार हालै विश्वविद्यालयका निरिक्षक ले प्रोफेसर पबित्र चटर्जीले कानुनी खर्च जुटाउन ३ लाख रुपियाँको माग गरेका थिए। यस सम्बन्धमा उनले कलकत्ता उच्च न्यायालयमा पनि याचिका दर्ता गरेका छन्। राजभवनले भनेको छ यस्तो गम्भीर आरोप लागेपछि कुनै व्यक्तिलाई उपकुलपति पदमा बसिरहनु शिक्षा व्यवस्थाको मर्यादा विपरीत रहेको छ।

**अमेरिका -टैरिफ -पश्चिम बङ्गाल**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा भारतमाथि लगाइएको 25 प्रतिशत अतिरिक्त टेरिफले पश्चिम बंगालको श्रम-आधारित निर्यात अर्थव्यवस्थालाई गहिरो प्रभाव पारेको छ। राज्यको लेदर, इन्जीनियरिङ र मरीन सेक्टरलाई भारी नोकसान हुने आशंका व्यक्त गर्रिँदैछ।आजदेखि प्रभावी भएका यी बढ़ेका दरहरूपछि अमेरिकाद्वारा भारतीय उत्पादहरूमाथि कूल 50 प्रतिशत शुल्क लगाइँदैछ। यो कदम भारतको तर्फबाट रूसको काचो तेलको खरीदलाई लिएर उठाइएको हो। व्यापारिक अनुमान अनुसार, यस फसेलाले भारतको कम्तीमा 45 हजार करोड़को निर्यात प्रभावित हुनेछ र पश्चिम बंगाललाई सबैभन्दा ठूलो नोकसान हुने आशंका गरिएको छ। ।फेडरेशन अफ इण्डियन एक्सपोर्ट अर्गनाइजेशन्स का पूर्वी क्षेत्रका चेयरम्यान योगेश गुप्ताले भन्नुभयो , मरीन निर्यात सर्वाधिक प्रभावित हुनेछ। पश्चिम बंगालले भारतको 12 प्रतिशत समुद्री खाद्य निर्यातमा योगदान दिँदछ, जसमा उत्तर र दक्षिण 24 परगना तथा पूर्व मिदनापुर जिल्लाहरूको झींगा प्रजातिहरू प्रमुख छन्।

**कलकत्ता हाईकोर्ट दुर्गा पूजा समिति खर्च अनुदान**

कलकत्ता उच्च न्यायालयले आज स्पष्ट पारेको छ कि दुर्गा पूजा समितिहरू जसले खर्चको पूर्ण विवरण पेश गर्दैनन् उनीहरू सरकारी अनुदानका लागि योग्य हुनेछैनन्। न्यायाधीश सुजोय पाल र स्मिता दास डेको संयुक्त पीठ ले आज तोकिएको समयावधिभित्र उपयोगिता प्रमाणपत्र पेश गरेका संस्थाले मात्र अनुदान प्राप्त गर्न पाउने फैसला सुनाएको छ । कुल ४१ हजार ७ सय ९५ क्लबहरु मध्ये ३ वटा क्लबले खर्च विवरण नबुझाएको राज्य सरकारले न्यायालयलाई जानकारी गराएको छ। तीनै क्लब सिलिगुडीका हुन्।अब न्यायालयले खर्चको हिसाब किताब नदिई भविष्यमा कुनै पनि समितिले अनुदान नपाउने पनि स्पष्ट पारेको छ।

**आकाशवाणी - साप्ताहिक कार्यक्रम चर्चा का विषय**

आकाशवाणीको समाचार सेवा प्रभागले आज राति आफ्नो साप्ताहिक कार्यक्रम "चर्चा का बिषय है" मा पहाडी राज्यहरूमा भारी वर्षाबाट उत्पन्न परिस्थिति र राहत कार्यहरूको बारेमा चर्चा प्रसारित गर्नेछ। यसलाई राती साढे नौ बजे आकाशवाणी गोल्ड च्यानल र अतिरिक्त मिटरहरुमा पनि सुन्न सकिनेछ

**मिरिक – भाषा प्रयोग**

मिरिक महकुमा अन्तर्गत तराई को सक्रिय साहित्यिक संस्था इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानले नेपाली भाषा प्रयोगको प्रस्ताव माथि कार्यक्रम अघि बढाएको छ । आज सोही प्रस्तावलाई चरितार्थ पार्दै प्रतिष्ठान ले पहिलो चरणमा तराईको बिभिन्न पाठशाला का शिक्षक शिक्षिकाहरु संग भेट गर्दै नेपालीमा बोर्ड लेख्ने साथै नेपाली भाषा लाई नै पाठशालाका कार्यहरुमा प्रयोग गरिदिने आह्वान गरे ।प्रतिष्ठानका सचिव मनोहर शर्माले भाषाको महत्व बारेमा बिभिन्न कार्यक्रमहरु तय गरिएको जानकारी दिनुभएको छ ।

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन-प्रतियोगिता**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सूचना एंव सांस्कृतिक विभाग अनि नेपाली भाषा दिवस समारोह समितिको संयुक्त आयोजनामा सम्पन्न भइरहेको सप्ताहव्यापी भाषा दिवस कार्यक्रमको अवसरमा स्वरचित कविता लेखन र वाचन प्रतियोगिता सम्पन्न भएको छ। जिटिए स्तरीय अन्तर विद्यालय कविता वाचन प्रतियोगिता कक्षा ९ देखि १२ का विद्यार्थीवर्गमाझ सम्पन्न भइरहेका छन्। जिटिए क्षेत्रका कालेबुङ जिल्ला अनि मिरिक, खरसाङ महकुमा स्तरमा अघिबाटै यो प्रतियोगिताको प्रथम चरण सम्पन्न भइसकेका छन् भने हिज गोरूबथान अनि दार्जिलिङ महकुमामा प्रथम चरणको चयन प्रक्रिया सम्पन्न भएको छ। यी चार महकुमा र कालेबुङ जिल्लाबाट चयन भएका दुई दुई जना विद्यार्थीहरूलाई लिएर आगामी ३० अगस्तको दिन दार्जिलिङस्थित गोर्खा रङ्गमञ्च भवनमा फाइनल प्रतियोगिता सम्पन्न हुनेछ भने ३१ अगस्त भाषा दिवसको समापन समारोहमा विजेताहरुलाई भव्य कार्यक्रम माझ सम्मानित गरिनेछ ।

**मिरिक -गणेश चर्थुथी**

मिरिक महकुमा अन्तर्गत पानीघट्टा स्थित श्री राजपुत्र सिद्धिविनायक गणेश मन्दिरमा आज भक्तिभावका साथ गणेश चतुर्थी पर्व मनाइएको छ।स्थानीय बासिन्दा साथै टाढा–टाढाबाट आएका भक्तजनहरूले प्रसाद चढाएर त्रिदिवसीय विशेष पूजाको शुभारम्भ गरेका छन । मन्दिरका पुजारीका अनुसार, यस वर्षको गणेश चतुर्थी पूजामा विशेष रुपमा भक्तजनको श्रद्धा, भक्ति र उत्साह उल्लेखनीय छ।

**सीमा सुरक्षा बल (एसएसबी) -कार्यक्रम**

सीमा सुरक्षा बल (एसएसबी) उच्च आवासीय माध्यमिक विद्यालय कदमतलामा आज अलंकरण कार्यक्रम सम्पन्न भयो । एसएसबी कदमतलाका महानिरीक्षक मुकेश त्यागी मुख्य तिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । समारोहलमा मुख्य अतिथि श्री त्यागीले बालबालिकाहरुलाई संयोग, सजग, आत्मनिर्भर, कर्तव्यनिष्ठ नेताद्वारा नेतृत्व गर्न र भोलि आफ्नो राष्ट्रको जिम्मेवारी पूरा गर्न सक्षम बनाउँने बिचार व्यक्त गर्नुभयो।

**पश्चिम बंगाल स्कूल सर्विस कमीशन (एसएससी) भर्ती घोटाला**

प्रवर्तन निदेशालय (ईडी) ले पश्चिम बङ्गाल स्कूल सेवा आयोग (एसएससी) भर्ती घोटालाको जाच को एक भागको रूपमा पक्राउ परेका विधायक जीवनकृष्ण साहकी काकी तृणमूल कांग्रेस (टीएमसी) पार्षद माया साहालाई सोधपुछको लागि बोलाएको छ। उनलाई भोलि कोलकाताको साल्ट लेकस्थित सीजीओ कम्प्लेक्सको कार्यालयमा उपस्थित हुन निर्देशदिइएको छ ।ईडीले टीएमसी विधायक जीवनकृष्ण साहलाई मुर्शिदाबाद जिल्लाको बड़त्रा स्थित उनको निवासबाट सोमबार पक्राउ गरेको हो ।

****** ० ******